आज मिति २०८३।०१।२९ गते मंगलबारका दिन ११:०० बजे यस बागमती गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिँ पाख्रिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मितिः २०८३।०१।२९ गते | गाउँ कार्यपालिका | बैठक नं. ८४

| क्र. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | कार्यविधि सम्बन्धमा। | |
| ३ | चालु आ.व. २०८२/०८३ को योजना कार्यान्वयन एवं आगामी आ.व. को बार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण तयारी सम्बन्धमा। | |
| ४ | योजनाहरुको फरफारख अनुमोदन सम्बन्धमा। | |
| ५ | कर्मचारी पदपूर्ति सम्बन्धमा। | |
| ६ | क्रसर प्लान्ट फ्याक्ट्रि भिजिट सम्बन्धमा। | |
| ७ | आर्थिक सहायता सम्बन्धमा। | |
| ८ | विविध १, २, ३, ४, ५, ६ र ७ | |

अध्यक्ष

CamScanner

*मिति: २०८३।०१।२९ गते* *गाउँ कार्यपालिका* *बैठक नं ८४*

निर्णयहरु

*निर्णय नं. ०१*

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

**प्रस्तावित विषय नं. ०२** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ. व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा तयारीका लागि अनुरोध गरिएकोमा उक्त कार्यविधिको मस्यौदा तयार पारी स्वीकृतिको लागि आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा सर्वसम्मतिमा स्वीकृत गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ | स्वीकृत |
| २ | बागमती गाउँपालिकाको स्वयम्सेवक ब्यूरो गठन तथा परिचालन कार्यविधि, २०८२ | स्वीकृत |

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रमको दिगो, प्रभावकारी, गुणस्तरीय एवं कार्यक्रम तथा बजेट विनियोजनको लक्ष्य मुताबिक कार्यान्वयनका लागि बढोत्तरी तबरले सघन रुपमा बागमती गाउँपालिकाको विषयगत समिति, विषयगत शाखा एवं मातहतका कार्यालयहरु, विभिन्न गैरसरकारी संघसंस्थाहरु, अन्तर सरकारी कार्यालयहरु र अन्तर स्थानीय तहको सहयोग, संचार, समन्वय, सहकार्य र सहजीकरण मार्फत परिचलित हुँदै मिति २०८३ साल जेष्ठ मसान्त भित्र अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न गर्दै आगामी आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि सबै सरोकारवालाहरु बीचमा समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट एवं सोको अधीनमा रहि प्रचलित कानुन बमोजिम कार्यान्वयन गरिएको ***अनुसूची-१*** मा उल्लिखित योजना तथा कार्यक्रमको भुक्तानीलाई सर्वसम्मतिमा स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो।

*निर्णय नं. ०५*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवाको प्रकृति, चाप, स्थानीय तहमा थप हुन आएको जिम्मेवारी, गत विगतमा रिक्त हुन गएको पदलाई समेत मध्येनजर गर्दै आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसारको पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने प्रयोजनार्थ सूचना आह्वान गरी प्रकृया अगाडि बढाई पदपूर्ति गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

सुरेन्द्र घलान
अध्यक्ष

CamScanner

देहाय

| क.सं. | पद | मासिक त.भ. (रु.) | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी | १८०००।०० | |
| २ | स्वीपर | १८०००।०० | |

***निर्णय नं. ०६***

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा आ.व. २०८१/०८२ को आयोजना "कसर निर्माण" Project Title "Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwanpur", IFB No: BRM/NCB/TEND/010/2081/082 को मिति २०८२/०१/३० मा PPMO को Online Portal तथा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत बोलपत्र प्रकाशित भई मिति २०८२/०५/१९ मा सम्झौता भई मिति २०८३/०५/१८ गतेभित्र कार्य सम्पन्न गर्ने गरि कार्यान्वयनको चरणमा रहेको उक्त क्रसर निर्माण योजनाको इक्वीपमेन्टको Specification अनुसारको Quantity and Quality Assurance का लागि छिमेकी देश India स्थित वडोदरामा रहेको सो Equipment उत्पादन एवं बिक्री गर्ने Crusher Plant Factory श्री अम्बिका इन्जिनियरिङ कम्पनीमा स्थलगत भ्रमण गरी तोकिएका गुणस्तरीय Equipment ल्याई जडान गर्ने प्रयोजनार्थ गाउँपालिका अध्यक्ष श्री सर्केश घलानज्यूको संयोजकत्वमा देहायानुसार समिति गठन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सर्केश घलान, गाउँपालिका अध्यक्ष | संयोजक | |
| २ | फणिन्द्र कुमार तिमल्सिना, गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | ओम बहादुर दर्जी, प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | पुनराम घलान, ०९ नं. वडा वडाध्यक्ष | सदस्य | |
| ५ | उत्तर बहादुर भोलन, ०७ नं. वडा वडाध्यक्ष | सदस्य | |
| ६ | दन्तलाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | झम्क नारायण घलान, बरिष्ठ लेखा अधिकृत | सदस्य | |
| ८ | डम्बर बहादुर वि. क., गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| ९ | अम्बिका वि. क., गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| १० | टोनी प्रकाश चौधरी, सिभिल ईञ्जिनियर | सदस्य | |
| ११ | संतोष घिमिरे, मेकानिकल ईञ्जिनयर | सदस्य | |
| १२ | वसन्तराज गौतम, वातावरण विद् | सदस्य | |
| १३ | गौरीशंकर ठाकुर, सब-ईञ्जिनियर | सदस्य-सचिव | |

सर्केश घलान
अध्यक्ष

CamScanner

मिति: २०८३।०१।२९ गते          गाउँ कार्यपालिका          बैठक नं ८४

*निर्णय नं. ०७*

**प्रस्तावित विषय नं. ०७** माथि छलफल गर्दा यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बिरध्वज थिङ | बागमती-०४ | १००००।०० | |
| २ | करिश्मा राजवाहक | बागमती-०६ | १००००।०० | |

*निर्णय नं. ०८*

**प्रस्तावित विषय नं. ०८** विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती फुटबल एकेडेमी व्यवस्थापन समितिको मिति २०८२/१२/२७, मिति २०८३/०१/०६ र मिति २०८३/०१/२३ गतेको निर्णयलाई सर्वसम्मतिमा स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

२. बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को योजना कार्यान्वयनको सिलसिलामा विविध कारणबश तोकिएको सम्झौता अवधिमा सम्पन्न हुन नसकेका कोटेशन तथा उपभोक्ता समिति मार्फत कार्यान्वयन प्रक्रिया अगाडि बढाईएका ***अनुसूची-२*** अनुसारका योजनाहरुको म्याद थप गरी कार्यान्वयन गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

३. बागमती गाउँपालिका वडा नं. ०१, हात्तीढुङ्गा निवासी श्री सुवत सिंह तामाङकी नातिनी, श्री दिल बहादुर बल तामाङ तथा श्रीमती मारमेन पाख्रिनकी वर्ष १२ की छोरी महिमा बल माथि मिति २०८२/१२/०८ गते जबरजस्ती करणी सम्बन्धी घटना घट्न गई मिति २०८२/१२/१२ गते जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा मुद्दा दर्ता भएको व्यहोरा वडा नं. ०१ को कार्यालयको मिति २०८३/०१/१७ गतेको सिफारिस सहितको निज पीडित बालिकाको हजुरआमा चिनी माया तामाङले मिति २०८३/०१/२५ गते यस कार्यालयमा दिएको निवेदन गाउँ कार्यपालिकाको बैठकमा पेस हुन आयो। उक्त घटनाबाट बालिकाको शारीरिक, मानसिक तथा सामाजिक अवस्था माथि गम्भीर असर पर्न सक्ने देखिएको, हालको पारिवारिक तथा सामाजिक परिवेशमा बालिकालाई प्रत्यक्ष रूपमा परिवारसँग राखिरहँदा पुनः जोखिम उत्पन्न हुन सक्ने अवस्था रहेको तथा निज बालिकाको तत्काल सुरक्षा, संरक्षण, आवासीय व्यवस्था, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार एवं नियमित शिक्षाको सुनिश्चितता आवश्यक देखिएकोले नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बाल अधिकार संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम बालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी देहाय बमोजिम निर्णय गरियो।

अध्यक्ष

देहाय

१. बालिका महिमा बल माथि भएको घटनालाई गम्भीर बाल संरक्षणको विषय मानी निज बालिकाको तत्काल सुरक्षा तथा संरक्षण सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने।

२. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७, ३९ तथा ४८ मा व्यवस्था भए बमोजिम जोखिममा रहेका बालबालिकाको संरक्षण, पुनःस्थापना तथा सुरक्षित आवासीय व्यवस्थापन स्थानीय तहको समेत दायित्व भएको हुँदा निज बालिकालाई सुरक्षित आवासीय संरक्षण उपलब्ध गराउन आवश्यक सिफारिस गर्ने।

३. बालिकाको शारीरिक सुरक्षा, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श, नियमित शिक्षा तथा समुचित पालनपोषणको व्यवस्था मिलाईदिन हिरण्य नेपाल लाई औपचारिक रूपमा सिफारिस गर्ने।

४. बालिकाको गोपनीयता, मर्यादा तथा व्यक्तिगत सम्मान कायम राख्न बाल अधिकार सम्बन्धी प्रचलित कानुन बमोजिम आवश्यक सतर्कता अपनाउने तथा निजको व्यक्तिगत विवरण अनधिकृत रूपमा सार्वजनिक नगर्ने।

५. आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला बाल अधिकार समिति, महिला तथा बालबालिका शाखा लगायत सम्बन्धित निकायसँग समन्वय गरी बालिकाको हित संरक्षणमा आवश्यक सहजीकरण गर्ने।

६. उक्त कार्यका लागि आवश्यक पत्राचार, समन्वय तथा प्रशासनिक कार्य सम्पादन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

४. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सङ्घीय मामिला शाखाको पत्र संख्या २०८२/०८३, च.नं. ९८, मिति २०८३/०१/०३ गतेको प्राप्त पत्रानुसारको राय/सुझावको सन्दर्भमा विषयको सम्पूर्ण व्यहोरा अवगत भयो। उक्त पत्रको व्यहोरालाई मनन गर्दै गाउँपालिका अध्यक्षज्यू मार्फत गाउँपालिकाको तर्फबाट राय/सुझाव प्रदान गर्ने र सो सुझाव कार्यान्वयनका लागि गाउँपालिकाको तर्फबाट प्रतिबद्धता व्यक्त गर्ने।

५. बागमती गाउँपालिकामा उत्पादित दुध एवं दुग्धजन्य पदार्थको विविधिकरण, व्यवसायीकरण, प्रोत्साहन एवं प्रवर्द्धन गर्ने उद्देश्यका साथ वडा नं. ०५ कोइरालेमा अवस्थित औद्योगिकग्रामको क्षेत्रभित्र उपयोग बिहीन अवस्थामा रहेको पशु हाटबजारको ट्रस भवनलाई आकस्मिकता र आवश्यकताको सिद्धान्त मुताबिक तत्कालको लागि उपयोगमा ल्याउनका लागि हाललाई खरिपाटी डेरी प्रा. लि. ले माग गरे बमोजिमको स्थान उपलब्ध गराउने प्रयोजनार्थ अर्को व्यवस्था नभए सम्मका लागि उक्त ट्रस भवनलाई मासिक रु. १०(दश) हजारका दरले भाडा लिने गरी दुध संकलन तथा दुग्धजन्य पदार्थको परिकार बनाउनको लागि संचालन अनुमति दिने।

६. चालु आ.ब. २०८२/०८३ मा बागमती गाउँपालिकाको महिला बालबालिका सशक्तीकरण तथा सिप विकास कार्यक्रमका लागि विनियोजित बजेट रु. ५,००,०००/-(अक्षरेपि पाँच लाख रुपैयाँ मात्र) कार्यान्वयानार्थ बागमती गाउँपालिका वडा नं. ०८ को लागि सिलाई कटिङ तालिम संचालन गर्न स्वीकृत बजेट रु. २,००,०००/-(अक्षरेपि दुई लाख रुपैयाँ मात्र) बाट १० जना सहभागीहरुलाई ४५(पैंतालीस) दिने आधारभूत सिलाई कटाई तालिम प्रदान गरिएकोमा सो कार्यक्रममा सहभागी भएका १० जना महिलाहरुलाई पुनः ४५(पैंतालीस) दिने एड्भान्स सिलाई कटाई तालिमका साथै एक/एक थान सिलाई मेसिन लगायतका आवश्यक सामग्री यस बागमती गाउँपालिकामा सूचीकृत भएका सेवा प्रदायक संस्थाहरुबाट सेवा खरिद गरी उक्त कार्यक्रम गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

७. बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा O&M अद्यावधिक शीर्षकमा विनियोजित बजेट रु.३ लाख कार्यान्वयानार्थ परामर्शदातृ संस्था जनचेतना विकास समाज नेपाल, अनामनगरबाट पेश हुन आएको ड्राफ्ट रिपोर्टमा छलफल गरियो। प्राप्त सुझावको आधारमा फाइनल रिपोर्ट पेश गर्न उक्त परामर्शदातृ संस्थालाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष

CamScanner